# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।१७ गते ।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको कम्पनी सचिवको योग्यता कानुन विषयमा स्नातक गरेको हुनुपर्नेमा MBS योग्यता भएको राजेश पोखेललाई नियुक्ति गरेकोले योग्यता नपुगेको नियुक्ति बदर गरी खाईपाई आएको सेवा सुविधा असुल उपर गरी पाउँ भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी राजेश पोखेलले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको कम्पनी सचिव पद (सातौं तह) मा नियुक्तिका लागि गर्जाङ उपत्यका हाईड्रो पावर लिमिटेडको वरिष्ठ अधिकृत तहमा कम्पनीको सामान्य प्रशासन एवं आर्थिक प्रशासन शाखामा मिति २०७०/०६/०७ गते देखि २०७३/०८/३० गतेसम्म काम गरेको भनी सोही कम्पनीको मिति २०७३/०९/०४ गतेको पत्रबाट अनुभवको प्रमाण-पत्र बनाएको देखिएकोमा सोही गर्जाङ उपत्यका हाईड्रो लिमिटेडको मिति २०८२/०८/२२ गते र मिति २०८२/०९/०४ गतेको पत्रबाट निज राजेश पोखेल उक्त कम्पनीमा कार्यरत नभएको र यस कम्पनीबाट जारी गरिएको भनिएको अनुभवको प्रमाण-पत्रको मिति र चलानी नम्बर कार्यालयमा कुनै रेकर्ड नभएको भन्नेसमेत व्यहोराको पत्र प्राप्त भएको देखिएबाट निजले सोही झुट्टा तथा जाली कागजातलाई वास्तविक भनी प्रस्तुत गर्दै मिति २०७३/११/०४ गते राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडमा कम्पनी सचिव पदमा नियुक्ति पाउन निवेदन दिएको र सोही अनुभवको प्रमाण-पत्रको आधारमा मिति २०७३/११/१० गते सेवा करारमा सातौं तहको कम्पनी सचिव पद हासिल गरेको तथा मिति २०७४/०२/२२ गते निजको नियुक्ति सञ्चालक समितिबाट अनुमोदन भएको देखिंदा निजले झुट्टा विवरणको आधार देखाई मिति २०७३/११/१० गतेदेखि मिति २०८२/०९/२० गतेसम्म राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको (सातौं तह) कम्पनी सचिव पद हैसियतमा सेवा करारमा बहाल रही रु.१,०७,०१,५८४।७७ (एक करोड सात लाख एक हजार पाँच सय चौरासी रुपैयाँ सतहत्तर पैसा) रकम लगायतको लाभ, सुविधा लिएको तथ्य पुष्टि भएको देखिएकोले उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको कम्पनी सचिव पदमा नियुक्तिका लागि निजले झुट्टा तथा नक्कली कार्य अनुभवको प्रमाण पत्र पेश गरी सार्वजनिक निकायको जिम्मेवार पद ओहदा प्राप्त गरेको उक्त कार्य भ्रष्टाचार ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने